प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या: २०७५।०७६

चलानी: १८८६

मितिः २०७६/०३/१३

**विषयः समपूरक अनुदानबाट सञ्चालित योजनाहरुको म्याद थप सम्बन्धी सूचना ।**

श्री स्थानीय तह,

कर्णाली प्रदेश स्थित सबै (७९ वटा) ।

प्रस्तुत विषयमा कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम कर्णाली प्रदेश सरकार माननीय मन्त्रीस्तर मिति २०७५/११/२१ र २०७५/१२/२६ को निर्णयानुसार आर्थिक वर्ष २०७५/७६ को लागि स्थानीय तहमा हस्तान्तरण गरिएको रकम सम्बन्धमा, कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ११ को उपदफा (२) मा "चालु आर्थिक वर्षमा कुनै मनासिव कारणले अनुदान रकम खर्च हुन नसकेमा मन्त्रालयको स्वीकृत लिई सो रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरी बहुवर्षिय योजना तथा कार्यक्रमको अवधिभित्र अर्को आर्थिक वर्षमा खर्च गर्न पाईनेछ" भन्ने व्यवस्था भए बमोजिम प्रदेश सरकारबाट समपूरक अनुदान अन्तर्गत तहाँ स्थानीय तहबाट सञ्चालित हुने योजनाहरु यस आर्थिक वर्षमा ठेक्का सम्झौता भई कार्य सम्पन्न हुन नसकी आगामी आर्थिक वर्षमा दायित्व सर्ने भएमा तपशिल बमजिमका कागजातहरु संलग्न राखी मिति २०७६/०३/२० गते भित्र यस मन्त्रालयको ईमेल ठेगाना moeap6@gmail.com मा पठाउनुहुन यो सूचना आह्वान गरिएको छ ।

तपशिल

१. प्रदेश सरकारबाट हस्तान्तरण गरिएको समपुरक अनुदानको विवरण ।
२. समपूक अनुदानबाट सञ्चालित योजनाहरुको ठेक्का सम्झौता भएको कागतपत्र ।
३. आगामी आ.व २०७६/७७ मा खर्च हुन नसक्नुको मनासिव कारण सहितको पत्र ।

२०७६।

(सन्त बहादुर सुनार)

सचिव

टेलिफोन नम्वरः ☎०८३-५२१३७१,५२२५४०,५२५६३६ फ्याक्स नम्वरः ०८३-५२५६३६

ईमेलः *moeap6@gmail.com* *Website:www.moeap.karnali.gov.np*